# लघुवित्त वित्तीय संस्थाहरुको त्रयमासिक स्थिति

(आर्थिक वर्ष २०७७/७८ को तेश्रो त्रयमास - २०७७ चैत्र मसान्तको अपरिष्कृत वित्तिय विवरणको आधारमा)


## नेपाल राष्ट्र बैंक

**लघुवित्त संस्था सुपरिवेक्षण विभाग**


**असार, २०७८**

# लघुवित्त वित्तीय संस्थाहरुको त्रयमासिक स्थिति

## १. लघुवित्त वित्तीय संस्थाहरुको पहुँच स्थिति :

लघुवित्त वित्तीय संस्थाहरुको संख्या पछिल्लो समयमा एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्तिका कारणले घट्दो क्रममा रहेपनि शाखाहरुको विस्तारको क्रम भने जारी नै रहेको छ । २०७६ चैत्र मसान्तमा ८९ वटा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु रहेकोमा २०७७ चैत्र मसान्तमा उक्त संख्या घटी ७४ कायम भएको छ । ७४ वटा लघुवित्त वित्तीय संस्थाहरुमध्ये आरएमडिसी लघुवित्त, साना किसान लघुवित्त, फर्स्ट माइक्रोफाइनान्स लघुवित्त र आरएसडिसी लघुवित्त वित्तीय संस्था गरी ४ वटा थोककर्जा प्रदायक लघुवित्त वित्तीय संस्था रहेका छन् भने बाँकी ७० वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त वित्तीय संस्थाहरु रहेका छन् । लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या २०७७ असारको तुलनामा १३.७४ प्रतिशतले वृद्धि भई २०७७ चैत्र मसान्तमा ४४८८ पुगेको देखिन्छ । सो अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको केन्द्र संख्या १२.६२ प्रतिशतले वृद्धि भई ३ लाख ५० हजार, सदस्य संख्या ९.२१ प्रतिशतले वृद्धि भई ५१ लाख १९ हजार, ऋणी संख्या ७.१२ प्रतिशतले वृद्धि भई २९ लाख ८१ हजार पुगेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुमा २० हजार ७ सय ५६ जना कर्मचारीहरु कार्यरत रहेका छन् जुन २०७७ असारमसान्तको तुलनामा ९.१४ प्रतिशतले बढी रहेको देखिन्छ । (तालिका १)

**तालिका १: लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति**

| विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१) *१०० | (४-३)/(३) *१०० |
| कुल संस्था संख्या | ९० | ८९ | ८४ | ७४ | -१.११ | -११.९० |
| कुल शाखा संख्या | ३,५४७ | ३,९४२ | ३,९४६ | ४,४८८ | ११.१४ | १३.७४ |
| कार्य क्षेत्र रहेको जिल्ला | ७७ | ७७ | ७७ | ७७ | ०.०० | ०.०० |
| कुल केन्द्र संख्या (हजारमा) | २७४ | ३०९ | ३११ | ३५० | १२.७७ | १२.६२ |
| कुल समूह संख्या (हजारमा) | ९२७ | १,०४० | १,०४० | १,१७६ | १२.१९ | १३.११ |
| कुल सदस्य संख्या (हजारमा) | ४,३३१ | ४,६९२ | ४,६८७ | ५,११९ | ८.३४ | ९.२१ |
| कुल ऋणी संख्या (हजारमा) | २,६८१ | २,८४९ | २,७८३ | २,९८१ | ६.२७ | ७.१२ |
| कुल कर्मचारी संख्या | १७,३६२ | १९,६७२ | १९,०१७ | २०,७५६ | १३.३० | ९.१४ |
| राष्ट्रिय स्तरका संस्था* | ४१ | ४५ | ४४ | ४७ | ९.७६ | ६.८२ |
| क्षेत्रीय/जिल्ला स्तरका संस्था | | | २५ | १३ | | |
| प्रादेशिकस्तरका संस्था | | | १५ | १४ | | |

**उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ४ रहेको छ ।*

**चित्र १: लघुवित्त संस्था र शाखा संख्या**




## २. प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा :

प्रदेशगत रुपमा हेर्दा सबभन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुको शाखा लुम्बिनी प्रदेशमा रहेको देखिन्छ । समीक्षा अवधिसम्ममा उक्त प्रदेशमा लघुवित्त वित्तीय संस्थाहरुको १०४७ वटा शाखा संचालनमा रहेका छन् । तत्पश्चात् लघुवित्त वित्तीय संस्थाहरुको धेरै शाखा भएको प्रदेश नं.२ मा ९४२ वटा शाखा संचालनमा रहेका छन् । सबैभन्दा कम कर्णाली प्रदेशमा १९३ वटा लघुवित्त वित्तीय संस्थाहरुको शाखा रहेका छन् ।

**चित्र २: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा**



## ३. पुँजीकोष :

**लघुवित्त वित्तीय संस्थाहरुको पूँजीकोष समग्रमा सन्तोषजनक रहेको छ ।** यस बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन-२०७७ को निर्देशन नं.१ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्युनतम प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ४.० प्रतिशत र ८.० प्रतिशत कायम गर्नु पर्ने व्यवस्था रहेको छ । २०७७ चैत्र मसान्तमा समग्रमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः १०.९७ प्रतिशत र ११.८९ प्रतिशत रहेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको प्राथमिक पुँजी २०७७ असार मसान्तको तुलनामा २१.४० प्रतिशतले र जोखिम भारित सम्पति ३५.३५ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको प्राथमिक पुँजी र जोखिम भारित सम्पत्ति क्रमशः १३.७९ प्रतिशत र १८.५० प्रतिशतले बढेको थियो । (तालिका २)

**तालिका २: पुँजीकोष सम्बन्धी विवरण**

*(रु. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| चुक्ता पुंजी | १,७०७.७८ | २,०७६.१० | २,१४९.५३ | २,४२४.५१ | २१.५७ | १२.७९ |
| प्राथमिक पुंजी | २,९९४.९६ | ३,४०७.९० | ३,५११.७३ | ४,२६३.०९ | १३.७९ | २१.४० |
| पुंजी कोष | ३,२२२.८९ | ३,६५६.६२ | ३,८२०.५१ | ४,६२२.९९ | १३.४६ | २१.०० |
| जोखिम भारित सम्पत्ति | २४,६७५.७४ | २९,२४१.१५ | २८,७२०.२८ | ३८,८७२.१८ | १८.५० | ३५.३५ |
| प्राथमिक पुंजी/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | १२.१४ | ११.६५ | १२.२३ | १०.९७ | | |
| पुंजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | १३.०६ | १२.५१ | १३.३० | ११.८९ | | |

## ४. वित्तीय स्रोत संकलन :

### ४.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको सापटी रकममा वृद्धि भएको छ ।

थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय स्रोतको रुपमा चुक्ता पूँजी, सञ्चित कोषहरु र मुख्यतः सापटी (Borrowings) रहेको छ । २०७७ चैत्र मसान्तसम्ममा उक्त लघुवित्त वित्तीय संस्थाहरूले ४१ अर्ब ४ करोड वित्तीय स्रोत संकलन गरेका छन् जुन २०७७ असार मसान्तको तुलनामा १९.५३ प्रतिशतको वृद्धि हो, गत आर्थिक वर्ष २०७६/७७ को सोही अवधिमा भने वित्तीय स्रोत संकलन १५.८७ प्रतिशतले बढेको थियो । थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले अघिल्लो त्रयमासको प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको भएता पनि २०७७ चैत्र मसान्तसम्ममा यस्तो वित्तीय स्रोत परिचालन प्राथमिक पुँजीको ५.९४ गुणासम्म मात्र पुगेको छ । (तालिका ३)

**तालिका ३ : वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)**

*(रु.करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| (क) निक्षेप | ० | - | - | - | - | - |
| (ख) सापटी | ३,१२३.४५ | ३,६१९.२७ | ३,४३३.६२ | ४,१०४.२२ | १५.८७ | १९.५३ |
| **कुल वित्तीय स्रोत संकलन** | ३,१२३.४५ | ३,६१९.२७ | ३,४३३.६२ | ४,१०४.२२ | १५.८७ | १९.५३ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | ५४७.४६ | ६५४.९६ | ६२४.०६ | ६९१.१४ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | ५.७१ | ५.५३ | ५.५० | ५.९४ | | |

४.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको निक्षेप संकलन र सापटी रकममा वृद्धि भएको छ।** २०७७ चैत्र मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले निक्षेप तथा बचत संकलन रू.१ खर्ब २७ अर्ब २१ करोड र सापटी रू.१ खर्ब ६२ अर्ब ४२ करोड गरी जम्मा रू.२ खर्ब ८९ अर्ब ६३ करोड वित्तीय स्रोत संकलन गरेका छन्। उक्त लघुवित्त वित्तीय संस्थाहरुको निक्षेप संकलन र प्राप्त सापटी रकम गत आर्थिक वर्ष २०७६/७७ को तेस्रो त्रयमाससम्म क्रमश २१.५० र १४.३१ प्रतिशतले बढेकोमा यस आर्थिक वर्षको सोही अवधिमा निक्षेप संकलन र प्राप्त सापटी रकम क्रमश १९.८४ र ५०.७३ प्रतिशतले बढेको छ। उक्त संस्थाहरुको प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेकोमा २०७७ चैत्र मसान्तसम्ममा वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पूँजीको ८.८१ गुणासम्म पुगेको छ। (तालिका ४)

**तालिका ४: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)**

*(रु.करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| (क) निक्षेप | ८,५६३.१९ | १०,४०३.९० | १०,६१५.०२ | १२,७२०.८३ | २१.५० | १९.८४ |
| (ख) सापटी | ९,५२४.७७ | १०,८८८.२३ | १०,७७५.६० | १६,२४१.७० | १४.३१ | ५०.७३ |
| **कुल वित्तीय स्रोत संकलन** | **१८,०८७.९६** | **२१,२९२.१३** | **२१,३९०.६२** | **२८,९६२.५३** | १७.७१ | ३५.४० |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | २,१२६.१७ | २,६८२.४३ | २,७८३.८३ | ३,२८८.५२ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात( गुणा) | ८.५१ | ७.९४ | ७.६८ | ८.८१ | | |

## ५. कर्जा तथा सापट

५.१ **थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटी (Loan and Advances) र निष्क्रिय कर्जाको अनुपातमा वृद्धि भएको छ।** थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७७ असारको तुलनामा २२.१३ प्रतिशतले वृद्धि भई २०७७ चैत्र मसान्तमा रू.४६ अर्ब ३४ करोड पुगेको छ। समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटीमध्ये निष्क्रिय कर्जा रु. २१ करोड अर्थात ०.४५ प्रतिशत रहेको छ। २०७७ असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात ०.४० प्रतिशत रहेको थियो भने गत वर्ष २०७६ चैत्र

मसान्तमा यस्तो अनुपात ०.३८ प्रतिशत मात्र रहेको थियो । समीक्षा अवधिमा सक्रिय कर्जा र निष्क्रिय कर्जाको वृद्धिदर क्रमश: २२.०८ प्रतिशत र ३६.६७ प्रतिशत रहेको छ । (तालिका ५)

**तालिका ५: कर्जा तथा सापटको वर्गीकरण (थोक कर्जा )**

*(रु. करोडमा)*

| कर्जा विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| सक्रिय कर्जा | ३,६७७.३१ | ३,९१३.५३ | ३,७७८.५९ | ४,६१२.७२ | ६.४२ | २२.०८ |
| निष्क्रिय कर्जा | १.५४ | १४.८९ | १५.३२ | २०.९४ | ८६७.१४ | ३६.६७ |
| **कुल कर्जा तथा सापट** | **३,६७८.८५** | **३,९२८.४२** | **३,७९३.९१** | **४,६३३.६७** | ६.७८ | २२.१३ |
| निष्क्रिय कर्जा अनुपात | ०.०४ | **०.३८** | **०.४०** | **०.४५** | | |

**५.२ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट (Loan and Advances) र निष्क्रिय कर्जाको अनुपात बढेको छ ।** खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७७ असारको तुलनामा ३८.६२ प्रतिशतले बढेर २०७७ चैत्र मसान्तमा रू. ३ खर्ब ११ अर्ब ६२ करोड पुगेको देखिन्छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटमध्ये निष्क्रिय कर्जा रु. ८ अर्ब ७२ करोड अर्थात २.८० प्रतिशत रहेको छ । २०७७ असार मसान्तमा निष्कृय कर्जाको अनुपात २.३४ प्रतिशत रहेको थियो भने २०७६ चैत्र मसान्तमा यस्तो अनुपात २.२३ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर ६५.९८ प्रतिशत छ, भने सक्रिय कर्जाको वृद्धिदर ३७.९७ प्रतिशत रहेको छ । (तालिका ६)

**तालिका ६: कर्जा तथा सापटको वर्गीकरण (खुद्रा कर्जा )**

*(रु. करोडमा)*

| कर्जा विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१) *१०० | (४-३)/(३)*१०० |
| सक्रिय कर्जा | १९,६०१.९४ | २२,२६१.५२ | २१,९५३.८९ | ३०,२८९.६८ | १३.५७ | ३७.९७ |
| निष्क्रिय कर्जा | २३४.५५ | ५०८.३० | ५२५.४२ | ८७२.१० | ११६.७१ | ६५.९८ |
| **कुल कर्जा तथा सापट** | **१९,८३६.४९** | **२२,७६९.८२** | **२२,४७९.३१** | **३१,१६१.७८** | १४.७९ | ३८.६२ |
| निष्क्रिय कर्जा अनुपात | १.१८ | **२.२३** | **२.३४** | **२.८०** | | |

## ६. क्षेत्रगत कर्जा :

**लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सा बढेको छ ।** थोक तथा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा रकम २०७७ चैत्र मसान्तमा रु.३ खर्ब ५७ अर्ब ९५ करोड मध्ये रु.१ खर्ब ५७ अर्ब ४० करोड अर्थात ४३.९७ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । २०७७ असार मसान्तमा कृषि क्षेत्रमा रु.१ खर्ब १० अर्ब ७८ करोड अर्थात ४२.१६ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०७७/७८ को तेस्रो त्रयमाससम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा ३.२७ प्रतिशत र सेवा व्यवसाय क्षेत्रमा ३२.३९ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जाको हिस्सा १२.९४ प्रतिशत रहेको छ । (तालिका ७)

**तालिका ७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण**

*(रु.करोडमा)*

| कर्जा विवरण | २०७७ असार (रु.करोडमा) | २०७७ असार (प्रतिशत) | २०७७ चैत्र (रु.करोडमा) | २०७७ चैत्र (प्रतिशत) |
|---|---|---|---|---|
| कृषि | ११,०७७.९७ | ४२.१६ | १५,७४०.०८ | ४३.९७ |
| घरेलु तथा लघु उद्योग | ७५५.५८ | २.८८ | १,१७०.१० | ३.२७ |
| सेवा व्यवसाय | ८,८६९.४७ | ३३.७६ | ११,५९४.५७ | ३२.३९ |
| थोक कर्जा | ३,७९३.९१ | १४.४४ | ४,६३३.६७ | १२.९४ |
| अन्य | १,७७६.२९ | ६.७६ | २,६५७.०२ | ७.४२ |
| **जम्मा** | **२६,२७३.२३** | **१००.००** | **३५,७९५.४४** | **१००.००** |

## ७ कर्जा नोक्सानी व्यवस्था :

७.१ **थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था अनुपात घटेको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था अनुपात २०७७ असार मसान्तमा १.९२ प्रतिशत रहेकोमा कुल कर्जा नोक्सानी व्यवस्था अनुपात २०७७ चैत्र मसान्तमा १.८२ प्रतिशत रहेको छ । २०७७ चैत्र मसान्तमा कुल कर्जा नोक्सानी व्यवस्था २०७७ असार मसान्तको तुलनामा १५.७० प्रतिशतले बढेर रू.८४ करोड पुगेको छ। जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. १८ करोड (कुल कर्जा नोक्सानी व्यवस्थाको २१.४५ प्रतिशत) रहेको छ । (तालिका ८)

**तालिका ८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)**

*(रु. करोडमा)*

| कर्जा विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | ४५.६७ | ४७.७८ | ५८.५९ | ६६.३३ | ४.६३ | १३.२३ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | १.४५ | १४.१९ | १४.४० | १८.१२ | ८७८.३३ | २५.७७ |
| **कुल कर्जा नोक्सानी व्यवस्था** | **४७.१२** | **६१.९७** | **७२.९९** | **८४.४५** | ३१.५१ | १५.७० |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात )** | **१.२८** | **१.५८** | **१.९२** | **१.८२** | | |

७.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था अनुपात घटेको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था अनुपात २०७७ असार मसान्तमा ३.०७ प्रतिशत रहेकोमा २०७७ चैत्र मसान्तमा २.८४ प्रतिशत रहेको छ । कुल कर्जा नोक्सानी व्यवस्था २०७७ असार मसान्तको तुलनामा २८.१७ प्रतिशतले बढेर रू. ८ अर्ब ८५ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु.४ अर्ब ९१ करोड (कुल कर्जा नोक्सानी व्यवस्थाको ५५.४६ प्रतिशत) रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम ३८.७२ प्रतिशतले बढेको थियो । (तालिका ९)

**तालिका ९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)**

*(रु. करोडमा)*

| कर्जा विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | १८३.७३ | २०३.७१ | ३८२.७५ | ३९४.१५ | १०.८७ | २.९८ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | १७०.३१ | २८७.४१ | ३०७.७८ | ४९०.८९ | ६८.७६ | ५९.४९ |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **३५४.०४** | **४९१.१२** | **६९०.५३** | **८८५.०४** | **३८.७२** | **२८.१७** |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **१.७८** | **२.१६** | **३.०७** | **२.८४** | | |

## ८. कुल कर्जा र धितो कर्जाको अनुपात :

**खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जा र लघु व्यवसाय कर्जा बढेको छ ।** २०७७ चैत्र मसान्तमा **खुद्रा कर्जा प्रदायक लघुवित्त** वित्तीय संस्थाहरुको धितो कर्जासंग उक्त संस्थाहरुको कुल कर्जा तथा सापटको अनुपात १८.८२ प्रतिशत रहेको छ । **थोक तथा खुद्रा कर्जा प्रदायक** लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटसँग गणना गर्दा यस्तो धितो कर्जाको अनुपात १६.३८ प्रतिशत रहेको छ । लघु व्यवसाय कर्जामा कुल कर्जा सापटको अनुपात २०७७ असारमा ७५.८२ प्रतिशत रहकोमा २०७७ चैत्रमा ७५.२४ प्रतिशत कायम रहेको छ । (तालिका १०)

**तालिका १०: धितो कर्जा कुल कर्जा अनुपात (खुद्रा कर्जा प्रदायक)**

*(रु. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| धितो कर्जा | ३,३१३.४२ | ४,०८६.३७ | ४१६४.४३ | ५,८६४.८५ | २३.३३ | ४०.८३ |
| लघु व्यवसाय कर्जा | १५,३०७.५६ | १७,४११.०४ | १७,०४२.७४ | २३,४४४.९६ | १३.७४ | ३७.५७ |
| अन्य कर्जा | १,२१५.५१ | १,२७२.४१ | १,२७२.१४ | १,८५१.९७ | ४.६८ | ४७.५८ |
| कुल कर्जा तथा सापट | १९,८३६.४९ | २२,७६९.८२ | २२,४७९.३१ | ३१,१६१.७८ | १४.७९ | ३८.६२ |
| धितो कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | १६.७० | **१७.९५** | **१८.५३** | **१८.८२** | | |
| लघु व्यवसाय कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत) | ७७.१७ | **७६.४७** | **७५.८२** | **७५.२४** | | |
| अन्य कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | ६.१३ | **५.५९** | **५.६६** | **५.९४** | | |

## ९. लगानी :

**लघुवित्त वित्तीय संस्थाहरूको मुद्दती निक्षेप, सरकारी सुरक्षणपत्र तथा अन्य लगानीमा उल्लेख्य वृद्धि भएको छ ।** २०७७ चैत्र मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु.१४ अर्ब ७७ करोड पुगेको छ, जुन २०७७ असारको तुलनामा ४४.७७ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल लगानी ३३१.०४ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले मुद्दती निक्षेपमा २०७७ चैत्रसम्म रु.१२ अर्ब ७२ करोड राखेका छन् जुन रकम २०७७ असारको तुलनामा ३४.७९ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मुद्दती निक्षेपमा राखेको रकम ५५०.९९ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूको समीक्षा अवधिमा सरकारी सुरक्षणपत्रमा गरेको लगानी बढेको भएतापनि शेयर तथा डिवेन्चरमा गरेको लगानी भने घटेको देखिन्छ । (तालिका ११)

**तालिका ११ः लगानी विवरण**

*(रु. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| सरकारी सुरक्षणपत्र | ३०.९९ | ३५.७४ | ४६.५६ | ५८.३२ | १५.३१ | २५.२८ |
| शेयर तथा डिवेन्चर | २४.९९ | २४.४५ | २४.२१ | १२.०० | -२.१६ | -५०.४५ |
| मुद्दती निक्षेप | १५१.११ | ९८३.७१ | ९४३.७६ | १,२७२.१२ | ५५०.९९ | ३४.७९ |
| अन्य लगानी | ५०.२८ | ६५.४६ | ५.४१ | १३४.१५ | ३०.१९ | २,३८१.५८ |
| **जम्मा लगानी** | **२५७.३७** | **१,१०९.३६** | **१,०१९.९४** | **१,४७६.६०** | ३३१.०४ | ४४.७७ |

## १० जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति :

**लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति र जोखिम भारित सम्पत्ति दुवै उल्लेख्य दरले बढेको छ ।** २०७७ चैत्र मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु.४ खर्ब २२ अर्ब ७३ करोड पुगेको छ । यो २०७७ असार मसान्तको रु.३ खर्ब १७ अर्ब ५२ करोडको तुलनामा ३३.१३ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल सम्पत्ति १८.७७ प्रतिशतले बढेको थियो । २०७७ चैत्र मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ९१.९६ प्रतिशत रहेको छ जुन २०७७ असार मसान्तमा ९०.४५ प्रतिशत रहेको थियो । (तालिका १२)

**तालिका १२ः कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण**

*(रु.करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| कुल सम्पत्ति | २६,९०५.०७ | ३१,९५३.९० | ३१,७५१.८८ | ४२,२७२.८० | १८.७७ | ३३.१३ |
| जोखिम भारित सम्पत्ति | २४,६७५.७४ | २९,२४१.१५ | २८,७२०.२८ | ३८,८७२.१८ | १८.५० | ३५.३५ |
| जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत) | **९१.७१** | **९१.५१** | **९०.४५** | **९१.९६** | | |

## ११. मुनाफा स्थिति :

**११.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफा अघिल्लो आर्थिक वर्षको तेस्रो त्रयमासको तुलनामा बढेको छ** । यस्ता लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७७/७८ को तेस्रो त्रयमाससम्ममा ब्याज आम्दानी रु. २ अर्ब ६४ करोड र ब्याज खर्च रु. १ अर्ब ६ करोड रहेको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुले रु.८४ करोड खुद मुनाफा गरेका छन् । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा ७३ करोड रहेको थियो । (तालिका १३)

**तालिका १३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)**

*(रु. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (३-१)/(१)*१०० | (४-२)/(२)*१०० |
| ब्याज आम्दानी | ५२७.८० | ३२६.९० | ४५२.८९ | २६३.७५ | -१४.१९ | -१९.३२ |
| ब्याज खर्च | ३५४.१८ | १९१.९६ | २५२.५७ | १०५.८६ | -२८.६९ | -४४.८६ |
| संचालन आम्दानी | १८६.३७ | १४२.९७ | २१०.८२ | १६५.८० | १३.१२ | १५.९७ |
| खूद नाफा/नोक्सान | १०२.०६ | ७२.७८ | १०५.२६ | ८४.४९ | ३.१३ | १६.०८ |

११.२ **समग्रमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद नाफा अघिल्लो आर्थिक वर्षको तेस्रो त्रयमासको तुलनामा उल्लेख्य दरमा बढेको छ** । यस्ता लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७६/७७ को तेस्रो त्रयमाससम्ममा खुद मुनाफा रु.४ अर्ब १० करोड रहेकोमा यस आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा ७ अर्ब ९७ करोड पुगेको छ । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७७/७८ को तेस्रो त्रयमाससम्ममा ब्याज आम्दानी रु.२९ अर्ब १० करोड र ब्याज खर्च रु.११ अर्ब ९० करोड रहेको छ (तालिका १४)। यस अवधिमा सञ्चालित ७० खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये बुद्धज्योती लघुवित्त वित्तीय संस्था र घोडीघोडा लघुवित्त वित्तीय संस्था खुद नोक्सानीमा रहेको छन् ।

**तालिका १४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)**

*(रु. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (३-१)/(१)*१०० | (४-२)/(२)*१०० |
| ब्याज आम्दानी | २,७६४.९३ | २,६२१.३० | ३,६६३.७७ | २,९१०.३० | ३२.५१ | ११.०३ |
| ब्याज खर्च | १,४२०.७७ | १,४३०.७५ | १,९३४.१६ | १,१८९.५१ | ३६.१३ | -१६.८६ |
| संचालन आम्दानी | १,८११.९४ | १,५७७.९५ | २,१६३.३४ | २,२३६.६४ | १९.३९ | ४१.७४ |
| खूद नाफा/नोक्सान | ५४२.६७ | ४०९.६० | ४२९.४६ | ७९६.७८ | -२०.८६ | ९४.५२ |

## १२ तरलता स्थिति :

१२.१ **समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति घटेको छ।** सर्वसाधारणबाट निक्षेप संकलन गर्ने २ लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन् । २०७७ चैत्र मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल तरल सम्पत्ति २०७७ असारको तुलनामा ५५.४६ प्रतिशतले ह्रास भई रु.२ अर्ब ९१ करोड रहेको छ ।

**तालिका १५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)**

*(रू. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| नगद | २.७१ | ६.७८ | ३.७६ | ५.१७ | १५०.०९ | ३७.५९ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ७६.९४ | ८८.२५ | ८४.३८ | ८६.१२ | १४.६९ | २.०६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बैंक तथा बित्तीय संस्था मौज्दात | ४७७.४ | २९७.४० | ५१८.७० | १४१.३९ | -३७.७० | -७२.७४ |
| सरकारी सुरक्षणपत्रमा लगानी | ३०.९९ | ३५.७४ | ४६.५६ | ५८.३२ | १५.३१ | २५.२८ |
| **कुल तरल सम्पत्ति** | **५८८.०४** | **४२८.१६** | **६५३.३९** | **२९१.००** | -२७.१९ | -५५.४६ |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | २,४१८.५१ | २,९५९.५१ | ३,०८९.९० | ३,५५७.११ | | |
| कुल सापटी (अघिल्लो त्रयमास) | १,१७२.८९ | १,२८९.४८ | १,१५०.९४ | १,२५९.६७ | | |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | २४.३ | **१४.४७** | **२१.१५** | **८.१८** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी(प्रतिशत) | १६.३७ | **१०.०८** | **१५.४१** | **६.०४** | | |
| वैधानिक तरलता अनुपात | ४.३ | **४.३१** | **४.३१** | **४.१७** | | |
| अनिवार्य मौज्दात अनुपात | २.५५ | **२.८०** | **२.७१** | **२.३७** | | |

२०७७ चैत्र मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात ८.१८ प्रतिशत रहेको छ। २०७६ चैत्र र २०७७ असार मसान्तमा यस्तो अनुपात क्रमशः १४.४७ प्रतिशत र २१.१५ प्रतिशत रहेको थियो। सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७७ चैत्र महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४.१७ प्रतिशत र २.३७ प्रतिशत रहेको छ (तालिका १५)। समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको न्यूनतम दरभन्दा बढि नैं रहेको छ।

**१२.२ सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरलता घटेको छ।**
सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७७ चैत्र मसान्तमा तरल सम्पत्ति २०७७ असारको तुलनामा ५.४० प्रतिशतले ह्रास भई रु.२३ अर्ब रहेको छ। २०७७ चैत्र मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात २९.१० प्रतिशत रहेको छ। समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकमा उल्लेख्य मौज्दात बढाएको देखिन्छ। समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७७ चैत्र महिनाको अनिवार्य मौज्दात अनुपात ०.६१ प्रतिशत रहेको छ। सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात अनुपात तोकिएको न्यूनतम ०.५० प्रतिशत भन्दा बढि नैं रहेको छ। (तालिका १६)

**तालिका १६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)**

*(रू. करोडमा)*

| विवरण | २०७६ असार (१) | २०७६ चैत्र (२) | २०७७ असार (३) | २०७७ चैत्र (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| नगद | १८.६९ | ३०.९९ | ३४.१९ | २६.०९ | ६५.८३ | -२३.६९ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ४६.०३ | ५०.३९ | ५५.११ | १०७.९४ | ९.४७ | ९५.८५ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | १,३०८.९२ | १,९५६.४४ | २,३४१.८४ | २,१६५.९१ | ४९.४७ | -७.५१ |
| सरकारी सुरक्षणपत्रमा लगानी | - | - | - | - | - | - |
| **कुल तरल सम्पत्ति** | १,३७३.६४ | २,०३७.८२ | २,४३१.१४ | २,२९९.९५ | ४८.३५ | -५.४० |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | ५,३२१.९२ | ६,९१६.३८ | ७,३१४.०० | ७,९०३.७४ | | |

| | | | | |
|---|---|---|---|---|
| कुल सापटी (अघिल्लो त्रयमास) | १०,६६५.४५ | १३,२०४.४८ | १३,३५६.५७ | १४,७८३.०३ |
| तरल सम्पत्ति/कुल निक्षेप (प्रतिशत) | **२५.८१** | **२९.४६** | **३३.२४** | **२९.१०** |
| तरल सम्पत्ति/कुल निक्षेप तथा सापटी (प्रतिशत) | **८.५९** | **१०.१३** | **११.७६** | **१०.१४** |
| अनिवार्य मौज्दात अनुपात | **०.६७** | | **०.७८** | **०.६१** |

## १३. कोभिड–१९ को संक्रमणबाट लघुवित्त वित्तीय संस्थाहरुमा परेको प्रभाव

विश्वव्यापि महामारीको रुपमा रहेको कोभिड–१९ को संक्रमणका कारण विश्व अर्थतन्त्र नै प्रभावित बनेको सन्दर्भमा लघुवित्त संस्थाहरुको निक्षेप संकलन भने २०७७ असारमा रु.१ खर्ब ६ अर्ब १५ करोड रहेकोमा २०७७ असोज मसान्तमा सामान्य वृद्धि भई रु.१ खर्ब १४ अर्ब ५५ करोड पुगेको छ। त्यसैगरी २०७७ पुस मसान्तमा कुल निक्षेप संकलन केही वृद्धि भई रु.१ खर्ब २० अर्ब ६ करोड पुगेकोमा २०७७ चैत्र मसान्तमा रु १ खर्ब २७ अर्ब २१ करोड देखिन्छ।

२०७६ असार मसान्तमा ९ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेकोमा २०७७ चैत्र मसान्तमा उक्त संख्या घटेर २ वटामा सिमित हुन पुगेको छ। (तालिका १७)

## तालिका १७: लघुवित्त संस्थाहरुको प्रमुख वित्तीय स्थिति विवरण (त्रयमासिक)

(रकम रु. करोड)

| | | | | | फरक ( %) | फरक ( % ) | फरक ( %) |
|---|---|---|---|---|---|---|---|
| | २०७७ असार | २०७७ असोज | २०७७ पुस | २०७७ चैत्र | असार–असोज | असोज- पुस | पुस- चैत्र |
| **चुक्ता पुंजी** | २,१४९.५३ | २,१९७.६९ | २,३२७.१३ | २,४२४.५१ | २.२४ | ५.८९ | ४.१८ |
| **पुजीकोष** | ३,८२०.५१ | ४,०२९.२९ | ४,३१७.७० | ४,६२२.९९ | ५.४६ | ७.१६ | ७.०७ |
| **निक्षेप** | १०,६१५.०२ | ११,४५४.५४ | १२,००६.२२ | १२,७२०.८३ | ७.९१ | ४.८२ | ५.९५ |
| **सापटी** | १४,२०९.२३ | १५,९५४.१८ | १७,७७५.४६ | २०,३४५.९३ | १२.२८ | ११.४२ | १४.४६ |
| क. नेपाल राष्ट्र बैंकबाट सापटी | ०.८२ | ०.८२ | ०.४५ | ३४६.८२ | - | -४४.८५ | ७६,९७१.५९ |
| ख. अन्य सापटी | १४,२०८.४१ | १५,९५३.३६ | १७,७७५.०१ | १९,९९९.१० | १२.२८ | ११.४२ | १२.५१ |
| **कूल तरल सम्पत्ति** | ४,०२८.५० | ४,६५७.०८ | ३,८४३.५९ | ३,८६३.२७ | १५.६० | -१७.४७ | ०.५१ |
| क. नगद मौज्दात | ३७.९५ | ४१.४४ | ४१.१७ | ३१.२६ | ९.२० | -०.६६ | -२४.०७ |
| ख. बैंक मौज्दात | १,६८७.२९ | १,९८४.१० | १,१६९.०८ | १,६०५.०८ | १७.५९ | -४१.०८ | ३७.२९ |
| ग. मागेको बखत प्राप्त हुने रकम | १,३१२.७४ | १,३३५.३७ | १,०४१.९४ | ८९६.२८ | १.७२ | -२१.९७ | -१३.९८ |
| घ. ऋणपत्रमा लगानी | ४६.७६ | ४६.५९ | ६०.४९ | ५८.५२ | -०.३६ | २९.८२ | -३.२५ |
| ङ. मुद्दती निक्षेपमा गरेको लगानी | ९४३.७६ | १,२४९.५८ | १,५३०.९२ | १,२७२.१२ | ३२.४० | २२.५१ | -१६.९० |
| **कूल कर्जा तथा सापट** | २६,२७३.२२ | २८,३६७.६९ | ३२,२१५.४३ | ३५,७९५.४४ | ७.९७ | १२.३८ | ११.११ |
| क. संस्थागत | ३,७९३.९१ | ३,६४२.०४ | ४,०७९.८८ | ४,६३३.६७ | -४.०० | ११.७० | १३.५७ |
| ख. व्यक्तिगत | २२,४७९.३१ | २४,७२५.६५ | २८,१३५.५५ | ३१,१६१.७८ | ९.९९ | १२.४९ | १०.७६ |
| **व्याज मुल्तवी हिसाव** | ३९७.६५ | ३९५.४९ | ३६४.४३ | ४२३.७५ | -०.५४ | -७.८५ | १६.२८ |
| **असुल गर्न बाँकी व्याज** | ४०३.९१ | ३९९.८६ | ३६९.१६ | ४३१.६५ | -१.०० | -७.६८ | १६.९३ |
| **नाफा/नोक्सान** | ५३४.७२ | १४१.४६ | ५१६.२२ | ८८१.२७ | -७३.५५ | २६४.९३ | ७०.७२ |
| **नोक्सानमा रहेका संस्था संख्या** | ९.०० | १२.०० | २.०० | २.०० | ३३.३३ | -८३.३३ | - |
| **कर्जा नोक्सानि व्यवस्था** | ७६३.५२ | ८८६.६० | ९८३.३४ | ९६९.४९ | १६.१२ | १०.९१ | -१.४१ |
| **जोखिम भारीत सम्पत्ति** | २८,७२०.२८ | ३१,१४१.५४ | ३५,०२५.६४ | ३८,८७२.१८ | ८.४३ | १२.४७ | १०.९८ |
| **कूल सदस्य संख्या** | ४,६८६,६०९ | ४,८८६,८८१ | ४,९२८,०८७ | ५,११८,६९० | ४.२७ | ०.८४ | ३.८७ |
| **कुल ऋणि संख्या** | २,७८३,१२९ | २,८८८,६०३ | २,८५५,४५८ | २,९८१,२३६ | ३.७९ | -१.१५ | ४.४० |
| **कुल शाखा संख्या** | ३,९४६ | ४,०१८ | ४,२१८ | ४,४८८ | १.८२ | ४.९८ | ६.४० |
| **पुजीकोष प्रतिशत** | १३.३० | १२.९४ | १२.३३ | ११.८९ | -२.७४ | -४.७३ | -३.५५ |